भोटेकोशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

फुल्पिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्या :०७६/०७७
च.नं. २१२५

फोन नं.०१-६२०१८१७
ईमेल : ito.bhotekoshimun@gmail.com
वेवसाईट : www.bhotekoshimun.gov.np

मिति : २०७७/०३/२५

विषय : अपिल ।

श्री सम्पूर्ण भोटेकोशी गाउंपालिका वासीहरु ।

प्रस्तुत सम्वन्धमा यस भोटेकोशी गाउंपालिका अन्तर्गका विभिन्न स्थानहरुमा भारी वर्षाका कारण वाढी पहिरोले अरनिको राजमार्गका सडक भत्किएको, गाउं, वस्ती, घर वगाएको एवं धेरै मात्रामा मानवीय क्षती समेत भएकोले प्राकृतिक विपत्तिले पारेको क्षतिको सामना गर्नु हाम्रो विवशता हुंदा हुंदै यसको सामना गर्नु मानवीय कर्तव्य तथा दीयित्व भएको कुरा मननयोग्य छ । यसर्थ यस विपत्तिको सामना गरी तत्काल पुनरुत्थान तथा पुनर्निर्माण कार्यलाई तिव्रता दिई पहिरो तथा सडक मर्मत तथा पुनर्निर्माण वनाउनु पर्ने दायित्व हाम्रो कांधमा आइपरेको छ । साथै अवका दिनमा आषाढ महिना देखि भाद्र महिना सम्म खोला, नदि, तथा पहिरोको जोखिम रहेका स्थानका नजिकका वासिन्दाहरुले सुरक्षित वासको वन्दोवस्त गरी यस गाउंपालिकाको भावनालाई आत्मसात गरी आफ्नो र समाजको हितलाई सर्वोपरी मध्यनजर राखि सहयोग गरि दिनु हुन सम्पूर्ण गाउंपालिका वासीहरुलाई हार्दिक अपिल गरिन्छ ।

.............................
दावुटी शेर्पा
उपाध्यक्ष

स्थानीय सरकार
भोटेकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
फुल्पिङकट्टि, सिन्धुपाल्चोक

बाग्मती प्रदेश, नेपाल
फोन नं. : ०१-१४८००१५, ०१-१४८००३४
ईमेल : ito.bhotekoshimun@gmail.com
वेबसाइट : www.bhotekoshimun.gov.np

पत्र संख्या : ०७६/०७७
चलानी नं. : ११२६

मिति : २०७७/०३/२५

**॥ भोटेकोशी गाउँपालिकाको बाढी पहिरोले पुर्‍याएको क्षतिको जानकारी ॥**

मिति २०७७ साल असार २४ गते को अविरल वर्षाको कारण बाढी पहिरो जादाँ यस भोटेकोशी गाउँपालिकाको विभिन्न स्थानहरुमा पुल, सडक, घरबस्ती तथा मानवीय क्षति भई जोखिम भएको र भोटेकोशी गाउँपालिकाका अध्यक्ष राजकुमार पौडेल ज्यू ले ती आपतकालीन स्थानहरुमा घाईते व्यक्तिहरुको उद्दारको लागि हेंलिकप्टर व्यवस्थापन गरी आफैं खटिनु भएको छ । आगामी दिन (आषाढ महिना देखि भाद्र महिना सम्म) खोला, नदि तथा पहिरोको जोखिम रहेका स्थानका नजिकका बासिन्दाहरुले सुरक्षित बासको बन्दोबस्त गरी सर्तक रहन विषेश आग्रह गर्दछौं ।

**हाल सम्म प्राकृतिक विपत्तिले यस गाउँपालिकाको विभिन्न स्थानहरुमा भएको क्षतिहरु**

१) वडा नं. ५, मार्मिङको बुल्कुटे खोलामा आएको बाढीका कारण बेपत्ता भएका व्यक्तिहरु

- अन्दाजी वर्ष ६० को निमदोर्जे तामाङ
- अन्दाजी वर्ष २७ को मञ्जु तामाङ
- अन्दाजी वर्ष ०९ को पासाङ नुर्पु तामाङ
- अन्दाजी वर्ष ०६ को शाहिल तामाङ

२) वडा नं. ५, मार्मिङको बुल्कुटे खोलामा आएको बाढीका कारण घाईते व्यक्तिहरु

- फुर्वा तामाङ (खुट्टामा चोट लागेको)
- १० दिनको बच्चा

३) वडा नं. ४, फुल्पिङकट्टि भएको क्षति

- डाकलाङमा ढलान बाटो बगाएको
- ३ किलो मा १० मिटर पहिरो खसेर बाटो पुरेको

४) वडा नं. ४, फुल्पिङकट्टि, खोकुण्डोलमा पहिरो गएर क्षति भएको ।
५) वडा नं. ५, मार्मिङको चाकु बजारमा ३० मिटर पहिरो खसेर बाटो अवरुद्ध भएको ।
६) वडा नं. ५, मार्मिङको झ्याले भिरमा बुल्कुटे खोलाले ३५ मिटर बाटो पूर्ण रुपले कटान गरी अवरुद्ध भएको ।

..................
मोहन प्रसाद निरौला
प्रमुख प्रशासकिय अधिकृत